# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
### मधेश प्रदेश, नेपाल
### बोलपत्र आह्वानको सूचना।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

छैठौं पटक प्रकाशित मिति २०८२।१०।२६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आ.व. २०८२।०८३ का लागि स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा निर्धारण भए बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गोलबजार नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही यस नगरपालिकामा बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण(घन.मी.) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर सहित) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | ०२/२०८२।०८३ (राजस्व) | नदीजन्य पदार्थ उत्खनन् मैनावती खोला | ३,८७२ | रु. ३,२८,१५२।– | १०००।– |

शर्तहरु:

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले माथि उल्लेखित भए अनुसारको बोलपत्र दस्तुर ग्लोबल आई एम ई बैंक शाखा कार्यालय गोलबजारमा यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ५५०४०१००००००१ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. प्रस्ताव पेश गर्न ईच्छुक फर्म वा कम्पनीहरुले मिति २०८२-११-०४ गते अपराह्न ४:०० बजे सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति (२०८२–११-०५ गते) का दिन दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। रितपूर्वक दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन अपरान्ह १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्र वा निजहरुको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ मा भएको वित्तिय अधिकार क्षेत्र भित्र पर्ने नदीजन्य पदार्थ उत्खनन् शुल्क आय शिर्षकमा आ.व. २०८२/०८३ को लागि २०८३ जेष्ठमसान्तको लागि ठेक्का संचालन गर्नुपर्ने छ।

५. ठेकेदारले पेश गरेको कबोल अंकको ५% धरौटी रकम नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको ग्लोबल आई एम ई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१००००००१६ को धरौटी खातामा नगदै वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ। यस्तो नगद धरौटी रकम ठेक्का सम्झौता भए पश्चात फिर्ता हुने छ।

६. कबोल गरेको ठेक्का रकम बराबरको रकम मान्यता प्राप्त बैंकको ग्यारेन्टी ठेक्का सम्झौता बखत बुझाउनु पर्नेछ। सो बैंक जमानतको म्याद ९ महिनासम्मको हुनुपर्नेछ।

७. संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायहरुमा ठेक्का वापतको लाग्ने करहरु ठेकेदारले स्वयम बुझाउनु पर्नेछ। कर तिरेको भौचर सम्बन्धीत फर्मले सोहि आ.व.मा नगरपालिकामा बुझाउनु पर्नेछ। ठेक्काको विवरण कर कार्यालयमा पठाइने छ। आयकर/थप कर तिर्नुपर्ने वा नपर्ने वा मिनाहा हुने विषय प्रचलित कानुन र कर कार्यालयको निर्णय बमोजिम हुनेछ।

८. नदीजन्य पदार्थको शुल्क मधेश प्रदेशको आर्थिक ऐनमा तोकि दिए अनुसारको हुनेछ। सो भन्दा बढी शुल्क लिन पाइने छैन।

९. ठेक्का स्वीकृत पश्चात सम्झौता म्याद भित्र बैंक ग्यारेन्टी पेश नगरेमा ठेक्का रद्द गरिनेछ र त्यसरी ठेक्का प्रकृया ढिलो भई नगरपालिकालाई पर्न जाने आर्थिक क्षति बाँकी सरह असुल उपर गरिनेछ।

१०. ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिईनेछ वा किस्तामा प्रतिवर्षको ३(तिन) किस्ता हुनेछ। बुझाउनु पर्ने वार्षिक रकमलाई हिसाब गरी पहिलो किस्ता ४० प्रतिशत माघमसान्त भित्र दोस्रो किस्ता ४० प्रतिशत चैत्रमसान्त भित्र र अन्तिम किस्ता २० प्रतिशत वैशाख मसान्त भित्रमा बुझाउनुपर्ने छ। ठेकेदारले किस्ता बुझाउनुपर्ने रकम किस्ता बुझाउने मिति भित्रमा समेत किस्ता किस्ता गरी बुझाउन सक्ने छ।

अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

११. तोकिएको अवधिमा किस्ता नबुझाएमा किस्ता भुक्तानी गर्ने म्याद समाप्त भएको दिन पछि राखिएको बैंक ग्यारेन्टी जफतको प्रक्रिया अगाडी बढाइने छ। पहिलाको कुनै किस्ता बुझाइसकेको भएपनि बैंक जमानत जफत गर्दा सम्पुर्ण बैंक ग्यारेन्टी वापतकै रकम जफत गरिने छ।

१२. ठेक्का सम्झौता भएको फर्मको बाहेक अन्य फर्मले दाखिला गरी ठेक्का नपरेका फर्म कम्पनीको बैंक जमानत ठेक्का सम्झौता भएपछि फुकुवा गरिनेछ।

१३. ठेक्का सम्झौता भई सञ्चालनमा रहेको आन्तरिक आय संकलनको किस्ता भुक्तानीमा दैवी प्रकोप वा अन्य कारणले समेत हानी नोक्सानी वा वन्दावन्दी भएतापनि ठेकेदारलाई कुनैपनि रकम छुट दिइने छैन।

१४. खोलाबाट निकालिएको नदीजन्य सामग्री बिक्री मूल्य करको ठेक्का सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वंयम आफैँले मिलाई शुल्क संकलन गर्नुपर्नेछ। यसमा नगरपालिकाले आवश्यक सहजीकरण मात्र गर्नेछ।

१५. कुनै कारणबस कर सङ्कलन गर्न बाधा परेको कारण देखाइ ठेकादारले कुनैपनि छुट वा मिनाहा दावी गर्न पाउने छैन र त्यस्तो मिनाहा छुट दिन कार्यालय बाध्य हुने छैन।

१६. नदीजन्य सामग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सीमित रही निकाल्नु पर्नेछ। वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन। IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ। साथै, यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

१७. ठेकेदारले नदीजन्य सामग्री स्टक राख्नुपर्ने भएमा गोलबजार नगरपालिकाबाट इजाजत लिइ खोलाको किनारबाट कम्तिमा ६०० मिटरको दूरीमा राख्न सकिनेछ।

१८. IEE मा उल्लेखित अधिकतम एक मिटर गहीराईसम्म नदीजन्य पदार्थ उत्खनन् तथा लोड गर्न ट्रयाक्टरमा बकेट जडान भएको सवारी साधन प्रयोग गर्न पाउनेछ।

१९. यसमा नपरेका कुराहरु प्रचलित कानुन बमोजिम हुने छ।

२०. निम्न कागजातहरु संलग्न गरी सिलबन्दी खाम बुझाउनु पर्नेछ।

क) आ.व. २०८१/०८२ सम्म नवीकरण भएको फर्म कम्पनि प्रमाण-पत्र।

ख) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण-पत्र।

ग) कालो सुचीमा नपरेका र नगरपालिकालाई कुनैपनि तिर्न बुझाउन नभएको स्व-घोषणा पत्र।

घ) कबोल गरेको रकमको ५ प्रतिशत नगद धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा कम्तिमा ९० दिन म्याद रहेको बैंक जमानत पत्र।

ङ) ठेक्का संचालकको अख्तियारी पत्र (स्थायी ठेगाना तथा मोबाईल नं. खुल्ने गरी)

अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत